# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित


## सर्वोच्च अदालतको
## सूचना १

## सर्वोच्च अदालत (दशौँ संशोधन) नियमावली, २०६६

सर्वोच्च अदालत नियमावली, २०४९ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन, २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यी नियमहरूको नाम “सर्वोच्च अदालत (दशौँ संशोधन) नियमावली, २०६६” रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ९ मा संशोधनः सर्वोच्च अदालत नियमावली, २०४९ (यस पछि “मूल नियमावली” भनिएको) को नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

“९. प्रधान न्यायाधीशबाट इजलास तोकिनेः (१) प्रधान न्यायाधीशबाट यस नियमावलीको अधीनमा रही मुद्दा मामिला हेर्ने इजलास तोकिनेछ ।

(२) प्रधान न्यायाधीशले खास प्रकृतिका मुद्दाहरू खास न्यायाधीशहरूको समूहले हेर्ने गरी समूह गठन गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम समूह गठन भएकोमा सो समूहलाई तोकिएका मुद्दाहरू प्रधान न्यायाधीशले तोकेका सोही समूहभित्रका न्यायाधीशहरूबाट कारबाही र किनारा हुनेछ ।

(४) उपनियम (२) बमोजिम समूह गठन भएकोमा समूहका वरिष्ठतम् न्यायाधीशले समूहको संयोजकको रुपमा काम गर्नेछ ।

(५) समूहलाई तोकिएका मुद्दाहरुमा इजलास गठन गर्दा प्रधान न्यायाधीशले आवश्यकता अनुसार समूहका संयोजकसंग परामर्श गर्न सक्नेछ ।

(६) उपनियम (२) बमोजिम समूहको लागि मुद्दा तोक्दा लगाउका मुद्दाहरू मूल मुद्दा रहेको समूहबाट कारबाही र किनारा गर्ने गरी तोकिनेछ ।

<u>स्पष्टीकरण:</u> यस उपनियमको प्रयोजनका लागि "मूल मुद्दा" भन्नाले इजलासबाट अन्यथा आदेश भएकोमा बाहेक पहिले दर्ता भएको मुद्दा सम्झनु पर्छ । दुवै मुद्दा एकै मितिमा दर्ता भएकोमा देवानी मुद्दालाई मूल मुद्दा मानिनेछ ।

(७) प्रधान न्यायाधीशले आवश्यकताअनुसार समूहमा तोकिएका न्यायाधीशलाई हेरफेर गर्न सक्नेछ ।

(८) कुनै मुद्दा कुनै समूहबाट हेर्ने गरी तोकिएकोमा मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ३० नं. बमोजिम वा अन्य कुनै कारणले सो समूहका कुनै न्यायाधीशले हेर्न नमिल्ने भएको अवस्थामा प्रधान न्यायाधीशले छुट्टै न्यायाधीश तोक्न वा अर्को इजलासबाट हेर्ने गरी तोक्न सक्नेछ ।

(९) समूहमा तोकिएका कुनै न्यायाधीशलाई आवश्यकताअनुसार समूहलाई तोकिएको मुद्दाको अतिरिक्त अन्य मुद्दा समेत हेर्ने गरी तोक्न सकिनेछ ।

(१०) समूहगत प्रणालीबाट मुद्दाको कारवाही र किनारा गर्ने विषयको प्रभावकारिताका सम्बन्धमा पूर्ण बैठकले आवधिक पुनरावलोकन गर्नेछ ।"

३. <u>मूल नियमावलीको नियम १३घ मा संशोधन:</u> (१) मूल नियमावलीको नियम १३घ को,-

(१) उपनियम (१) को,-

(क) खण्ड (ग) र (ङ) को सट्टा देहायका खण्ड (ग) र (ङ) राखिएका छन्:-

"(ग) नेपाल वार एशोसिएशनको अध्यक्ष वा सो एशोसिएशनले तोकेको
एक जना वरिष्ठ अधिवक्ता वा अधिवक्ता -सदस्य

(ङ) सर्वोच्च अदालत वार एशोसिएशनको अध्यक्ष वा सो
एशोसिएशनले तोकेको एक जना वरिष्ठ
अधिवक्ता वा अधिवक्ता -सदस्य

(ख) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१)प्रधान न्यायाधीशले तोकेको कानूनको अध्यापन गर्ने
संस्थाका प्रमुखद्धारा सिफारिस गरेका कानून शिक्षक
एक जना - सदस्य

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) को खण्ड (ख), (ग), (ङ) र (ङ१) का सदस्यहरूको पदावधि एक वर्षको हुनेछ।"

(३) उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) अदालतले उपनियम (१) बमोजिमको समितिद्वारा निर्धारण गरिए बमोजिमका अन्य प्रकाशनहरु प्रकाशन गर्न सक्नेछ।"

४. <u>मूल नियमावलीको नियम १५ मा संशोधनः</u> मूल नियमावलीको नियम १५ को उपनियम (१) को खण्ड (त) पछि देहायको खण्ड (थ) थपिएको छः-

"(थ) अदालतहरुमा राजपत्र अनंकित कर्मचारीको कुनै पद रिक्त भएको कारणबाट अदालतको काम सुचारू हुन नसकेमा लोक सेवा आयोगबाट सिफारिस भई नआएसम्मको अवधिको लागि करार सेवामा नियुक्त गर्ने,

तर यस्तो नियुक्ति गर्दा रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगमा मागको आकृति फाराम पठाइसकेको हुनु पर्नेछ।"

५. <u>मूल नियमावलीको नियम ४१ मा संशोधनः</u> (१) मूल नियमावलीको नियम ४१ को,-

(१) उपनियम (१) मा रहेको "प्रत्यर्थीबाट लिखित जवाफ पेश नभएसम्म वा" भन्ने शब्दहरु झिकी सोही उपनियममा रहेको प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

“तर

(१) अदालतले आवश्यक देखेमा खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न वा सो अन्तरिम आदेशलाई निरन्तरता दिनु पर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउन सक्नेछ ।

(२) अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएका कारणले रिट निवेदनको अन्तिम निर्णय पश्चात् अर्को पक्षलाई क्षति हुने अवस्था देखिएमा प्रचलित कानून बमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिवद्धता व्यक्त गरेमा इजलासले शर्त सहितको अन्तरिम आदेश जारी गर्न सक्नेछ ।

(३) एक पक्षीय सुनवाई गरी अन्तरिम आदेश जारी भएकोमा वा कुनै कारणले अर्को पक्षले आफ्नो कुरा प्रस्तुत गर्न मौका नपाएकोमा त्यस्तो अन्तरिम आदेश रद्द गरी पाउनको लागि सो पक्षले निवेदन दिन सक्नेछ र अदालतले उचित र आवश्यक देखेमा अघि दिएको अन्तरिम आदेश रद्द गर्न वा त्यसमा आवश्यक संशोधन गर्न सक्नेछ ।

(४) कुनै निवेदन अन्तरिम आदेशको लागि पेश भएको भएतापनि सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने इजलासलाई लागेमा इजलासले निर्णय गर्न सक्नेछ र अन्तरिम आदेशको लागि पेश गरिएको कारणले मात्र त्यस विषयमा निर्णय गर्न बाधा पर्ने छैन ।”

(२) उपनियम (२) मा रहेको “अवस्थानुसार प्रत्यर्थीबाट लिखित जवाफ पेश भएपछि वा” भन्ने शव्दहरु झिकिएका छन् ।

(३) उपनियम (२क) पछि देहायको उपनियम (२ख) थपिएको छः-

“(२ख) पहिले जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने नदिने सम्बन्धमा छलफल गराउन अर्को पक्ष झिकाउने गरी आदेश भएकोमा निवेदक पक्षको कारणबाट सो दिन छलफल हुन नसकेमा तत्पश्चात् सो अन्तरिम आदेश निष्क्रिय हुनेछ ।”

६. मूल नियमावलीको नियम ६३ मा संशोधनः (१) मूल नियमावलीको नियम ६३ को उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम पेशी सूची तयार गर्दा खास न्यायाधीशहरूको समूहबाट हेर्ने गरी तोकिएका खास प्रकृतिका मुद्दाहरूका हकमा समूहअनुसारको छुट्टाछुट्टै सूची तयार गरी पेश गर्नु पर्छ ।"

७. मूल नियमावलीको नियम ६५ मा संशोधनः (१) मूल नियमावलीको नियम ६५ को,-

(१) उपनियम (३) पछि देहायको उपनियम (३क), (३ख) र (३ग) थपिएका छन्:-

" (३क) आफ्नो पक्षमा अन्तरिम आदेश भएको मुद्दा र विपक्षीले अग्राधिकार पाएको मुद्दाको सुनुवाईको लागि तोकिएको पेशी स्थगित हुने छैन ।

(३ख) अग्राधिकार पाएको पक्षको कानून व्यवसायीले मुद्दा सुनवाईको लागि तोकिएको पेशी स्थगित गराउन निवेदन दिएमा अग्राधिकार समाप्त हुनेछ ।

(३ग) पक्षको प्रतिनिधित्व गर्ने कानून व्यवसायी अस्वस्थताका कारणले अस्पतालमा भर्ना भएको वा बहस गर्न उपस्थित हुन नसक्ने विशेष पारिवारिक परिस्थिति परेको भरपर्दो आधार देखाई सुनवाइ स्थगित गर्न माग गरेको अवस्थामा उपनियम (३क) र (३ख) को व्यवस्था लागू हुने छैन ।"

(२) उपनियम (४) मा रहेका "उपनियम (३)" भन्ने शव्दहरुको सट्टा "उपनियम (३) र (३ग)" भन्ने शव्दहरु राखिएका छन् ।

८. **मूल नियमावलीमा नियम ११४क थपः** मूल नियमावलीको नियम ११४ पछि देहायको नियम ११४क थपिएको छः-

"**११४क. अतिरिक्त रकम प्रदान गरिनेः** बडा दशैंको बिदाको अवधिमा बन्दीप्रत्यक्षीकरणको प्रयोजनको लागि अदालत खुल्ला भएको अवधिमा खटिएका कर्मचारीलाई सो अवधिको लागि निजले खाईपाई आएको तलब भत्ताको अतिरिक्त सो बराबरको अतिरिक्त रकम समेत प्रदान गरिनेछ । "

## सूचना -२
## पुनरावेदन अदालत (नवौं संशोधन) नियमावली, २०६६

पुनरावेदन अदालत नियमावली, २०४८ मा संशोधन गर्न वाञ्छनिय भएकोले,

न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "पुनरावेदन अदालत (नवौं संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पुनरावेदन अदालत नियमावली, २०४८ को नियम १०क. मा संशोधनः** पुनरावेदन अदालत नियमावली, २०४८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १०क. को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) वाणिज्य इजलासबाट हेरिने सम्पूर्ण निवेदन, प्रतिवेदन र मुद्दाहरु संयुक्त इजलासबाट हेरिनेछ । वाणिज्य इजलासको लागि तोकिएका कुनै न्यायाधीशको अनुपस्थितिका कारण संयुक्त इजलास गठन हुन नसकेमा विषयवस्तुको गांभिर्यताको कारणले तुरुन्त सुनुवाई गर्नु पर्ने अवस्था परेमा अन्तिम किनारा वाहेकका विषयमा एक न्यायाधीशको इजलासबाट पनि सुनुवाइ हुने गरी मुख्य न्यायाधीशले इजलास गठन गर्न सक्नेछ ।"

(२) उपनियम (३) झिकिएको छ ।

(३) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) मुख्य न्यायाधीशले वाणिज्य इजलासमा काम गर्ने न्यायाधीशलाई आवश्यकता अनुसार अन्य मुद्दा समेत हेर्ने गरी तोक्न सक्नेछ ।"

(४) उपनियम (४) पछि देहायको उपनियम (४क) र (४ख) थपिएका छन्:-

"(४क) वाणिज्य इजलासमा पेश हुने मुद्दासंग सम्बन्धित अन्य लगाउका मुद्दा वाणिज्य इजलासबाट सुनुवाइ गरिनेछ ।"

(४ख) वाणिज्य इजलासबाट सुनुवाई हुने फिराद वा दावी सरहका जुनसुकै निवेदन वापत रु.१००।-, पुनरावेदन, पुनरावलोकन वापत रु.१००।-, लिखित जवाफ वापत रु. ५०।- र अन्य निवेदन वापत रु.५।- दस्तुर लाग्ने छ ।

३. <u>मूल नियमावलीको नियम ३३क. मा संशोधनः</u> मूल नियमावलीको नियम ३३क को,-

(१) उपनियम (१) मा रहेको “प्रत्यर्थीबाट लिखित जवाफ पेश नभए सम्म वा” भन्ने वाक्यांश झिकी सोही उपनियममा रहेको प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

“ तर

(१) अदालतले आवश्यक देखेमा खास अवधि तोकी अन्तरिम आदेश जारी गर्न वा सो अन्तरिम आदेशलाई निरन्तरता दिनु पर्ने वा नपर्ने सम्बन्धमा छलफलका लागि अर्को पक्ष झिकाउन सक्नेछ ।

(२) अन्तरिम आदेशको सम्बन्धमा छलफल हुँदा आफ्नो हितमा अन्तरिम आदेश जारी भएका कारणले रिट निवेदनको अन्तिम निर्णय पश्चात् अर्को पक्षलाई क्षति हुने अवस्था देखिएमा प्रचलित कानून बमोजिम क्षतिपूर्ति व्यहोर्ने लिखित प्रतिवद्धता व्यक्त गरेमा इजलासले शर्त सहितको अन्तरिम आदेश जारी गर्न सक्नेछ ।

(३) एक पक्षीय सुनवाई गरी अन्तरिम आदेश जारी भएकोमा वा कुनै कारणले अर्को पक्षले आफ्नो कुरा प्रस्तुत गर्न मौका नपाएकोमा त्यस्तो अन्तरिम आदेश रद्द गरी पाउनको लागि सो पक्षले निवेदन दिन सक्नेछ र अदालतले उचित र आवश्यक देखेमा अघि दिएको अन्तरिम आदेश रद्द गर्न वा त्यसमा आवश्यक संशोधन गर्न सक्नेछ ।

(४) कुनै निवेदन अन्तरिम आदेशको लागि पेश भएको भएतापनि सो विषयमा निर्णय नै हुन उपयुक्त छ भन्ने इजलासलाई लागेमा इजलासले निर्णय गर्न सक्नेछ र अन्तरिम आदेशको लागि पेश गरिएको कारणले मात्र त्यस विषयमा निर्णय गर्न बाधा पर्ने छैन ।”

(२) उपनियम (२) मा रहेका "अवस्थानुसार प्रत्यर्थीबाट लिखित जवाफ पेश भएपछि वा" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) उपनियम (२क) पछि देहायको उपनियम (२ख) थपिएको छः-

"(२ख) पहिले जारी भएको अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफल गराउन अर्को पक्ष झिकाउने गरी आदेश भएकोमा निवेदक पक्षको कारणबाट सो दिन छलफल हुन नसकेमा तत्पश्चात सो अन्तरिम आदेश निष्क्रिय हुनेछ । "

४. **<u>मूल नियमावलीको नियम ५३ मा संशोधनः</u>** (१) मूल नियमावलीको नियम ५३ को,-

(१) उपनियम (३) पछि देहायका उपनियम (३क), (३ख) र (३ग) थपिएका छन्:-

" (३क) आफ्नो पक्षमा अन्तरिम आदेश भएको मुद्दा र विपक्षीले अग्राधिकार पाएको मुद्दाको सुनुवाईको लागि तोकिएको पेशी स्थगित हुने छैन ।

(३ख) अग्राधिकार पाएको पक्षको कानून व्यवसायीले मुद्दा सुनवाईको लागि तोकिएको पेशी स्थगित गराउन निवेदन दिएमा अग्राधिकार समाप्त हुनेछ ।

(३ग) पक्षको प्रतिनिधित्व गर्ने कानून व्यवसायी अस्वस्थताका कारणले अस्पतालमा भर्ना भएको वा बहस गर्न उपस्थित हुन नसक्ने विशेष पारिवारिक परिस्थिति परेको भरपर्दो आधार देखाई सुनवाई स्थगित गर्न माग गरेको अवस्थामा उपनियम (३क) र (३ख) को व्यवस्था लागू हुने छैन । "

(२) उपनियम (४) मा रहेका " उपनियम (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (२) र (३ग)" भन्ने शब्दहरु राखिएका छन् ।

५. **<u>मूल नियमावलीको नियम ५६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ५६ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) वडा दशैंको बिदाको अवधिमा बन्दीप्रत्यक्षीकरणको प्रयोजनको लागि अदालत खुल्ला भएको अवधिमा खटिएका कर्मचारीलाई सो अवधिको लागि निजले खाइपाई आएको तलव भत्ताको अतिरिक्त सो बराबरको अतिरिक्त रकम समेत प्रदान गरिनेछ ।"

सूचना -३

<u>जिल्ला अदालत (सातौं संशोधन) नियमावली, २०६६</u>

जिल्ला अदालत नियमावली, २०५२ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

न्याय प्रशासन ऐन, २०४८ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "जिल्ला अदालत (सातौं संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **जिल्ला अदालत नियमावली, २०५२ को नियम ७ मा संशोधनः** जिल्ला अदालत नियमावली, २०५२ को नियम ७ को उपनियम (१) को खण्ड (ण) पछि देहायको खण्ड (ण१) थपिएको छ :-

"(ण१) न्यायाधीशको नियन्त्रण र निर्देशनमा रही अदालतको आर्थिक प्रशासन सञ्चालन गर्ने ।"

**आज्ञाले,**

डा.रामकृष्ण तिमल्सेना
रजिष्ट्रार
सर्वोच्च अदालत